आज मिति २०७९ भाद्र ६ गतेका दिन पञ्चपुरी नगर कार्यपालिकाका प्रमुख श्री लाल विर भण्डारीज्यु को अध्यक्षतामा आ.व. २०७९/०८० को दोश्रो बैठक तपशिलबमोजिमको उपस्थितिमा बसि निम्नानुसार निर्णय गरियो।

स्थान :- नगरपालिका सभाहल

बैठक प्रारम्भ :- बजे

बैठकको अन्त्य :-

उपस्थिति

| सि.नं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाल विर भण्डारी | नगरकार्यपालिका प्रमुख | |
| २. | श्री मुक्तिदेवी रेग्मी | नगर कार्यपालिका उप-प्रमुख | |
| ३. | श्री कर्ण बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४. | श्री याम बहादुर बि सी | वडा अध्यक्ष वडा नं. २ | |
| ५. | श्री ~~बल बहादुर रोकाय~~ गौरा देवी भाटी | वडा अध्यक्ष वडा नं. ३ (का.वा.) | |
| ६. | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं.४ | |
| ७. | श्री नगेन्द्र बहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८. | श्री नर बहादुर सिजापती | वडा अध्यक्ष वडा नं. ६ | |
| ९. | श्री खिम बहादुर बयक क्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १०. | श्री दीपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११. | श्री पूर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२. | श्री हरी प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३. | श्री धन बहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४. | श्री चन्द्रा आलेमगर | नगरकार्यपालिका सदस्य | |
| १५. | श्री कोपिला नेपाली | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री कमला सुवेदी सापकोटा | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री भावना रावल | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री भगे कामी | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री गोर्खे कामी | नगर कार्यपालिका सदस्य | |
| २०. | श्री देवेन्द्र राजी | नगर कार्यपालिका सदस्य | |
| २१. | श्री अनिता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२. | गोकर्ण नाथ योगी | प्र.प्र.अ./सदस्य सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३ | | | |

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned By Camera Scanner

आ.व. २०७९/०८० को मिति २०७९ भाद्र ०८ गते बसेको दोश्रो कार्यपालिका बैठकका निर्णयहरु

१. यस पञ्चपुरी नगरपालिकामा खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा रहेका विद्यमान समस्याहरुको समाधान र विभिन्न सवालहरुलाई नियमन गर्न आवश्यक कानून बनाउने प्रक्रिया तत्काल शुरु गर्न र विधेयक तयार गर्न आवश्यक सहयोगको लागि यु.एस.आई.डी. कर्णाली जल परियोजनालाई अनुरोध गर्ने निर्णय गरियो । साथै सो कार्यको लागि आवश्यक विधेयक मस्यौदा समिति यस नगरपालिका नगर प्रमुख श्री लालविर भण्डारीज्यूको संयोजकत्वमा निम्नानुसार सदस्य रहने गरी गठन गर्ने निर्णय गरियो ।

निम्न :

| | | |
|---|---|---|
| श्री लालविर भण्डारी | नगर प्रमुख | संयोजक |
| श्री मुक्तिदेवी रेग्मी पुरी | नगर उपप्रमुख | सदस्य |
| श्री नारायण प्रसाद बेल्वासे (सुशासन विज्ञ-कर्णाली प्रतिनिधी जल परियोजना) | | सदस्य |
| श्री कमला सुवेदी | कार्यपालिका सदस्य | सदस्य |
| श्री कोकिला नेपाली | दलित महिला सदस्य | सदस्य |
| श्री गणेश प्रसाद अधिकारी | योजना शाखा प्रमुख | सदस्य |
| श्री गोकर्ण नाथ योगी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

२. भू-उपयोग ऐन, २०७६ को दफा २०(१) मा भएको व्यवस्था अनुसार भू उपयोग परिषद्को कार्यमा सहयोग गर्न नगरपालिकाका नगर प्रमुख श्री लालविर भण्डारीज्यूको अध्यक्षतामा देहाय बमोजिमको भू-उपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो

देहाय :

| | | |
|---|---|---|
| नगर प्रमुख | | अध्यक्ष |
| सम्बन्धित वडाको वडाध्यक्ष | वडाध्यक्ष | सदस्य |
| नगरपालिकाको कृषि,भूमी,शहरी तथा पूर्वाधार शाखा, (शाखा प्रमुख) | | सदस्य |
| श्री केशव पाठक | समाज सेवी | सदस्य |
| श्री मान कुमारी शाही | समाज सेवी | सदस्य |
| श्री कमलेश्वरी यादव | समाज सेवी | सदस्य |
| श्री कमला बि.सी. | समाज सेवी | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | | सदस्य-सचिव |

३. भू उपयोग ऐन २०७६, भू उपयोग नियमावली २०७९, तथा यसमा भएको व्यवस्था र प्रावधान अनुसार स्थानीय तहमा भएको अव्यवस्थित भूमीलाई वर्गीकरण र व्यवस्थित गरी उपयोग गर्ने कार्य स्थानीय तहले भू उपयोग योजना बनाएर सोही योजना बमोजिम प्रक्रिया अगाडी बढाउनुपर्ने भएकोले सो कार्यको लागि यस नगरपालिकामा निर्माण भएको *भू उपयोग योजना,* २०७९ लाई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned By Camera Scanner

४. यस पञ्चपुरी नगरपालिकामा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन (यु.के.एड.) हुनेगरी कार्यालय स्थापना गर्न आवश्यक भएकोले घरभाडामा लिन सम्झौता र आवश्यक जनशक्ति (कृषि प्राविधिक(पाँचौ तह), सब.ईन्जिनियर(पाँचौं तह)) पदको खुल्ला प्रतिष्पर्धाबाट करार सेवामा नियुक्त गर्ने आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

५. पञ्चपुरी नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सामुदायिक विद्यालयमा अनुदान कोटामा कार्यरत शिक्षकहरुको सेवा लाई आ.व. २०७९/०८० मा पनि निरन्तरता दिने निर्णय गरियो ।

६. वि.सं. २०७९/०३/०२ गतेको राजश्व परामर्श समितिले सिफारिस गरी मिति २०७९/०३/२६ को दोश्रो नगरसभाबाट स्वीकृत भई कार्यान्वयनमा आएको सम्पत्ती करमा २०७९/०५/०८ देखी मिति २०७९ मंसीर मसान्त अवधिसम्म कर बुझाउने करदाताको हकमा लागु हुने गरी ५० प्रतिशत कर छुट दिने निर्णय गरियो ।

७. तपसिल बमोजिमको कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।
   (क) पञ्चपुरी नगरपालिका आपतकालीन कार्यसञ्चालन केन्द कार्यसञ्चालन कार्य विधि-२०७८ ।
   (ख) एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधी, २०७९ ।
   (ग) पञ्चपुरी नगरपालिकामा, गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०७९ ।

८. यस नगरपालिका कार्यालयको स्वीकृत दरबन्दी संरचना अनुसार प्राविधिक तर्फको सब इन्जिनियर/सहायकस्तर पाँचौं तहको पद रिक्त भई प्राविधिक शाखाको दैनिक कामकाजमा असहजता उत्पन्न भएको हुदा, मिति २०७९ श्रावण १ देखि लागु हुनेगरी उषा के.सी. लाई दैनिक ज्यालादारीमा सेवा करार सम्झौता गरी नियुक्ति दिने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय

गोकर्ण नाथ योगी
प्रमुख प्रशासकीय अधिकृत

Scanned By Camera Scanner